**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 7, Volume 7, Issue 1, December 2025
Published by Sotang Public Campus

# जनताको बहुदलीय जनवाद : सैद्धान्तिक आधार, विशेषता र नेपालको राजनीतिक सन्दर्भ

**इन्द्रप्रसाद तिमल्सेना**

*Article History : Submitted 16 Jan. 2025; Reviewed 13 Feb. 2025; Accepted 25 March 2025*
*Author : Indra Prasad Timalsena Email: indralaxmi76@gmail.com*
*DOI: https://doi.org/10.3126/sotang.v7i01.89327*

**लेखसार**

*जनताको बहुदलीय जनवाद (जबज) नेपालको कम्युनिष्ट आन्दोलनमा आएको एक महत्त्वपूर्ण सैद्धान्तिक मोड हो, जसले मार्क्सवाद लेनिनवादलाई नेपाली समाज, संस्कृति र राजनीतिक सन्दर्भसँग जोड्ने प्रयास गरेको छ। यो विचार जननेता मदनकुमार भण्डारीले २०४९ मा नेकपा (एमाले) को पाँचौँ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरेका थिए। जबजले समाजवाद प्राप्त गर्ने मार्गलाई हिंसात्मक क्रान्तिभन्दा फरक लोकतान्त्रिक प्रक्रियाबाट हासिल गर्न सकिने बताउँछ। यस अध्ययनमा जबजका १४ प्रमुख विशेषताहरूको विश्लेषण गर्दै संविधानको सर्वोच्चता, शक्ति पृथकीकरण, बहुलवाद, कानूनी शासन, मानव अधिकार, बहुदलीय प्रतिस्पर्धा र आवधिक निर्वाचन आदि सिद्धान्तहरूको नेपालको राजनीतिक विकासमा सान्दर्भिकता मूल्याङ्कन गरिएको छ। अध्ययन गुणात्मक विधिमा आधारित छ, जसमा शैक्षणिक लेख, पुस्तक र नीति दस्तावेजजस्ता द्वितीयक स्रोतहरू लावती (सन् २००५),भुसाल (२००८०), घिमिरे र फुयाल (सन् २०२२), दाहाल (सन् २०२३),रावल (सन् २००७) को प्रयोग गरिएको छ। प्राप्त नतिजाले जनताको बहुदलीय जनवादले नेपालमा लोकतान्त्रिक मूल्य, सहिष्णुता, प्रतिस्पर्धा र जनसहभागितामूलक शासन प्रणाली सुदृढ गर्न महत्त्वपूर्ण योगदान पुर्‍याएको देखाउँछ। यसले नेपालको राजनीतिक संस्कृतिलाई लोकतान्त्रिक दिशातर्फ उन्मुख गराउँदै समाजवाद र जनताको हितबीच सन्तुलन कायम गर्ने प्रयास गरेको निष्कर्ष निकालेको छ ।*

**मुख्य शब्दः** जनताको बहुदलीय जनवाद, लोकतन्त्र, संविधान, शक्ति पृथकीकरण, मानव अधिकार, बहुलवाद

## विषय प्रवेश

नेपालको राजनीतिक इतिहासमा बहुदलीय प्रणाली र समाजवादबीचको वैचारिक संघर्ष निरन्तर देखिन्छ। २०४६ सालको जनआन्दोलनपछि देशले बहुदलीय लोकतान्त्रिक प्रणालीको यात्रा सुरु गर्यो। यही क्रममा नेकपा (एमाले) का जननेता मदनकुमार भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद (जबज) नेपाली कम्युनिष्ट आन्दोलनको एक ऐतिहासिक मोडका रूपमा स्थापित भयो । जबजले मार्क्सवाद लेनिनवादलाई नेपालको बहुजातीय, बहुभाषिक र सांस्कृतिक विविधतायुक्त समाजसँग जोड्दै, हिंसात्मक क्रान्तिभन्दा लोकतान्त्रिक प्रतिस्पर्धामार्फत समाजवाद प्राप्त गर्न सकिने नयाँ वैचारिक बाटो देखाएको छ भण्डारी (२०४९)। जबजको मूल आधार जनताको सार्वभौम सत्ता र संविधानको सर्वोच्चता हो। यस सिद्धान्तले संविधानजन्य शासन, शक्ति पृथकीकरण, मानव अधिकारको संरक्षण र बहुदलीय प्रतिस्पर्धालाई लोकतान्त्रिक समाजवादतर्फको संक्रमणको माध्यमका रूपमा व्याख्या गर्छ लावती (सन् २००५)। यसका अनुसार, समाजवाद हिंसात्मक परिवर्तन होइन, लोकतान्त्रिक अभ्यास र जनसहभागिता मार्फत सम्भव छ ।

नेपालको सन्दर्भमा जबज केवल एक राजनीतिक नारामा सीमित छैन; यो लोकतान्त्रिक रूपान्तरणको वैचारिक नक्सा हो। यसले कम्युनिष्ट आन्दोलनलाई अधिनायकवादी प्रवृत्तिबाट जनमुखी लोकतन्त्रतर्फ मोड्ने आधार तयार गर्यो दाहाल (सन् २०२३)। आजको परिवेशमा जबजले जनसहभागिता, पारदर्शिता, उत्तरदायित्व र सामाजिक न्याय लाई राज्य सञ्चालनका प्रमुख मूल्यका रूपमा अघि सारेको छ। तर व्यवहारमा दलगत असहिष्णुता, सत्ताको दुरुपयोग र आर्थिक असमानताले यी आदर्शहरूलाई चुनौती दिएका छन् घिमिरे र फुयाल (सन् २०२२)। यस कारण, यस अध्ययनले जनताको बहुदलीय जनवादका सैद्धान्तिक पक्ष र नेपालमा यसको व्यावहारिक सान्दर्भिकता विश्लेषण गर्न खोज्दछ। अध्ययनका लागि जबजका १४ विशेषतामध्ये संविधानको सर्वोच्चता, शक्ति पृथकीकरण, बहुलवादी समाज, मानव अधिकार, बहुदलीय प्रतिस्पर्धा र कानूनको शासनलाई केन्द्रमा राखिएको छ । यस अध्ययनले अनुसन्धानको प्रकृति र उद्देश्यअनुसार गुणात्मक विश्लेषण विधि अपनाएको छ । अध्ययनमा प्राथमिक तथ्य सङ्कलनभन्दा द्वितीयक स्रोतहरू सैद्धान्तिक ग्रन्थ, अनुसन्धान लेख, नीति दस्तावेज तथा राजनीतिक विश्लेषणहरूलाई आधार बनाइ जनताको बहुदलीय जनवादका १४ प्रमुख विशेषताहरूको सैद्धान्तिक र व्यवहारिक पक्षाको समालोचनात्मक विश्लेषण गरिएको छ। जबजलाई केवल वैचारिक अवधारणाका रूपमा नभई नेपाली राजनीतिक अभ्यासमा यसको प्रयोग, प्रभाव र सान्दर्भिकताको सन्दर्भमा बुझने प्रयास गरिएको छ ।

## सैद्धान्तिक समीक्षा र उत्प्रेरणा

जनताको बहुदलीय जनवाद नेपाली राजनीतिक सन्दर्भमा मार्क्सवाद-लेनिनवादको केवल सैद्धान्तिक पुनरावृत्ति नभई, त्यसको सन्दर्भअनुकूल र व्यवहारिक रूपान्तरणका रूपमा बुझिनुपर्छ। विद्वानहरूका अनुसार, जबजले पारम्परिक कम्युनिष्ट आन्दोलनलाई हिंसात्मक क्रान्तिको बाटोबाट अलग गर्दै

लोकतान्त्रिक प्रतिस्पर्धात्मक प्रणालीमार्फत समाजवाद प्राप्त गर्ने वैकल्पिक मार्ग प्रस्तुत गरेको छ हाछेथु (सन् २००६)। उनीहरूको यस निष्कर्षसँग सहमत हुँदै, यो विश्लेषणद्वारा जबजले नेपाली समाजको राजनीतिक बहुलता, ऐतिहासिक अनुभव र संवैधानिक संरचनालाई आत्मसात गर्दै लोकतन्त्र र समाजवादबीच व्यवहारिक सेतु निर्माण गरेको छ।त्यस्तै, केही विद्वानहरूले जबजका १४ विशेषताले लोकतन्त्र, संविधानको सर्वोच्चता, शक्ति पृथकीकरण, बहुलवाद, मानव अधिकार, कानूनको शासन, बहुदलीय प्रतिस्पर्धा र आवधिक निर्वाचनजस्ता आधुनिक लोकतान्त्रिक मूल्यहरूलाई समेटेको उल्लेख गरेका छन् लावती (सन् २००५)। यी विद्वत् दृष्टिकोणलाई आधार मानेर हेर्दा, जबजले यी मूल्यहरूलाई केवल सैद्धान्तिक घोषणामा सीमित नराखी, नेपालको राजनीतिक अभ्यासमा संस्थागत गर्ने प्रयास गरेको छ । त्यसैले, जबजलाई लोकतन्त्रसँग सम्झौता गरेको कम्युनिष्ट विचार होइन, बरु लोकतान्त्रिक विधिमार्फत समाजवादी लक्ष्यतर्फ अघि बढ्ने नेपाली राजनीतिक चिन्तनको मौलिक र सान्दर्भिक योगदानका रूपमा मूल्याङ्कन गर्न सकिन्छ। यस अध्ययनले जनताको बहुदलीय जनवाद नेपाली कम्युनिष्ट आन्दोलनभित्र विकसित भएको यस्तो वैचारिक रूपान्तरण हो, जसले लोकतान्त्रिक प्रणालीभित्रै समाजवादी लक्ष्य प्राप्त गर्ने सम्भावनालाई संस्थागत गरेको छ। जनताको बहुदलीय जनवाद सम्बन्धी साहित्यले यस अवधारणालाई नेपाली कम्युनिष्ट आन्दोलनको सैद्धान्तिक तथा ऐतिहासिक विकाससँग जोडेर विश्लेषण गरेको पाइन्छ। यस सन्दर्भमा गौतम र अन्य (२०८१) ले जबजका आधारहरूलाई लोकतान्त्रिक संविधानवाद, बहुदलीय प्रतिस्पर्धा, मानव अधिकार र कानूनको शासनसँग सम्बन्धित गर्दै यसलाई समाजवादतर्फको शान्तिपूर्ण र संवैधानिक मार्गका रूपमा व्याख्या गरेका छन्। उनका विश्लेषणले जबजलाई परम्परागत क्रान्तिकारी कम्युनिष्ट दृष्टिकोणबाट अलग गर्दै, नेपाली समाजको बहुलवादी संरचनासँग सान्दर्भिक वैचारिक रूपान्तरणको रूपमा प्रस्तुत गर्दछ। त्यसैगरी, भुसाल (२०८०) ले जबजको ऐतिहासिक विकासक्रमलाई पञ्चायती शासनविरुद्धको संघर्ष, बहुदलीय लोकतन्त्रको पुनर्स्थापना र पछिल्ला संवैधानिक अभ्याससँग जोड्दै विस्तृत रूपमा विश्लेषण गरेका छन्। उनका अनुसार जबज आकस्मिक वैचारिक प्रतिपादन नभई, नेपाली राजनीतिक इतिहासभित्र विकसित भएको अनुभवजन्य र व्यवहारिक सिद्धान्त हो । यी दुवै कृतिहरूले जबजलाई केवल सैद्धान्तिक अवधारणा मात्र नभई, नेपालको लोकतान्त्रिक अभ्यास र समाजवादतर्फको संक्रमण प्रक्रियासँग घनिष्ठ रूपमा सम्बन्धित वैचारिक संरचनाका रूपमा स्थापित गरेका छन् ।

नेपालमा कम्युनिष्ट आन्दोलन केवल वैचारिक आन्दोलनको रूपमा सीमित नभई सामाजिक, राजनीतिक र ऐतिहासिक सन्दर्भसँग गहिरो सम्बन्धित विकासक्रमको परिणाम हो। यस सन्दर्भमा, रावल (सन् २००७) ले नेपालको कम्युनिष्ट आन्दोलनको उत्पत्ति र विकासलाई विस्तारपूर्वक विश्लेषण गर्दै यसको ऐतिहासिक सन्दर्भ, पार्टी संरचना, रणनीति र क्रियाकलापहरूलाई क्रमिक रूपान्तरणको प्रक्रियासँग जोडेर व्याख्या गरेका छन्। उनले देखाएका छन् कि आन्दोलनले समय सापेक्ष चुनौतीहरू सामना गर्दै,

विभिन्न राजनीतिक यथार्थसँग मेल खाने रणनीति अपनाएको छ। यी विश्लेषणलाई आधार मान्दा जनताको बहुदलीय जनवादलाई बुझ्नका लागि कम्युनिष्ट आन्दोलनको ऐतिहासिक विकासक्रमलाई बुझ्नु आवश्यक छ, किनभने यसले केवल वैचारिक परिप्रेक्ष्य मात्र होइन, व्यवहारिक अभ्यास र नेपाली राजनीतिक संरचनासँगको सान्दर्भिकता पनि स्पष्ट पार्दछ ।

नेपालको लोकतन्त्र र विकासको सम्बन्ध समझिनु राज्यको दीगो राजनीतिक स्थायित्व र सामाजिक प्रगतिका लागि अनिवार्य छ। यस सन्दर्भमा, घिमिरे र फुयाल (सन् २०२२) ले नेपालको लोकतान्त्रिक प्रक्रिया र विकासक्रमको विश्लेषण गर्दै देखाएका छन् कि लोकतान्त्रिक संस्थाहरू र बहुदलीय प्रणालीले मात्र दीगो विकास सुनिश्चित गर्न सक्छन्। उनी भन्छन् कि संवैधानिक सुधार, आवधिक निर्वाचन र राजनीतिक सहभागिता जस्ता उपायहरूले सरकारलाई उत्तरदायी बनाउन मद्दत गर्छ। यी विश्लेषणलाई आधार मान्दा जनताको बहुदलीय जनवादको सैद्धान्तिक र व्यवहारिक प्रभावलाई मूल्याङ्कन गर्दा नेपालको लोकतान्त्रिक संस्थाहरू र जनसहभागिताको भूमिकालाई अनिवार्य रूपमा विचारमा लिनुपर्छ, किनभने यी तत्त्वहरूले समाजवादतर्फको शान्तिपूर्ण संक्रमण र दीगो विकासमा सशक्त योगदान दिन्छन्।

**मार्क्सवाद-लेनिनवाद र नेपाली रूपान्तरण :**

मार्क्सवाद-लेनिनवादले समाजको आर्थिक संरचना र राजनीतिक शक्तिको वितरणलाई वर्गीय सम्बन्धसँग जोडेर हेर्ने दृष्टिकोण प्रदान गर्छ। यस सिद्धान्तले वर्गसंघर्षलाई सामाजिक परिवर्तनको मुख्य आधार माने पनि, नेपालको जस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजमा यसलाई जस्ताको तस्तै लागू गर्दा राजनीतिक बहुलता खुम्चिनु, नागरिक स्वतन्त्रतामा संकुचन आउनु र तानाशाही प्रवृत्ति बलियो बन्ने जोखिम देखिएको छ। त्यसैले नेपाली सन्दर्भमा यस सिद्धान्तको पुनर्व्याख्या र स्थानीयकरण आवश्यक देखिन्छ। यसै सन्दर्भमा, दाहाल (सन् २०२३) र वन्त (सन् १९९२) ले जनताको बहुदलीय जनवादलाई मार्क्सवाद लेनिनवादको सिर्जनात्मक रूपान्तरणका रूपमा व्याख्या गरेका छन् । उनीहरूका अनुसार जबजले वर्गसंघर्षको अवधारणालाई लोकतान्त्रिक बहुदलीय प्रणालीसँग जोड्दै, खुला राजनीतिक प्रतिस्पर्धा, मानव अधिकारको सम्मान र संवैधानिक शासनलाई स्वीकार गरेको छ। बहुजातीय र बहुसांस्कृतिक नेपाली समाजमा सामाजिक न्याय र समानता स्थापना गर्न सशस्त्र वा एकदलीय बाटोभन्दा लोकतान्त्रिक अभ्यास बढी उपयुक्त हुने तर्क उनीहरूले अघि सारेका छन् दाहाल, (सन् २०२३) र वन्त (सन् १९९२) । यस आधारमा हेर्दा, जबजलाई केवल एउटा राजनीतिक रणनीतिका रूपमा होइन, नेपाली सामाजिक यथार्थसँग मेल खाने वैचारिक पुनर्संरचनाका रूपमा बुझ्न सकिन्छ। यसले मार्क्सवाद लेनिनवादको मूल उद्देश्यःवर्गीय शोषणको अन्त्य र सामाजिक समानतालाई लोकतान्त्रिक मूल्य र राष्ट्रिय विशिष्टतासँग समायोजन गर्दै अघि बढाउने मार्ग प्रस्ताव गरेको देखिन्छ। यस अर्थमा, जबजले नेपालमा समाजवादी रूपान्तरणलाई व्यावहारिक, समावेशी र दीगो बनाउने सम्भावना प्रस्तुत गर्दछ ।

**लोकतान्त्रिक संक्रमण :**

लोकतान्त्रिक संक्रमण सिद्धान्तले कुनै पनि देशमा विद्यमान एकदलीय वा अधिनायकवादी राजनीतिक संरचनाबाट बाहिर निस्केर बहुदलीय लोकतन्त्रतर्फ अघि बढ्नु अनिवार्य मान्दछ। यस दृष्टिकोणअनुसार दीगो राजनीतिक परिवर्तन आकस्मिक वा हिंसात्मक क्रान्तिबाट होइन, क्रमिक सुधार, संस्थागत विकास र संवैधानिक प्रक्रियाको माध्यमबाट सम्भव हुन्छ। विशेषतः राजनीतिक स्थायित्व, नागरिक सहभागिता र विधिको शासन सुदृढ बनाउन लोकतान्त्रिक संक्रमणलाई व्यवस्थित र समावेशी बनाइनु आवश्यक ठानिन्छ।यसै सैद्धान्तिक पृष्ठभूमिमा रावल (सन् २००७) ले लोकतान्त्रिक संक्रमणलाई सुधारात्मक क्रान्तिको प्रक्रियाका रूपमा व्याख्या गरेका छन्। उनका अनुसार पुरानो अधिनायकवादी वा एकदलीय प्रणालीको अन्त्य सशस्त्र विद्रोहभन्दा संवैधानिक सुधार, राजनीतिक संवाद र संस्थागत पुनर्संरचनाबाट बढी स्थायी हुन्छ। त्यसैगरी, घिमिरे र फुयाल (सन् २०२२) ले नेपाली कम्युनिष्ट आन्दोलनको सन्दर्भमा जनताको बहुदलीय जनवादलाई लोकतान्त्रिक संक्रमण सिद्धान्तको व्यवहारिक प्रयोगका रूपमा विश्लेषण गरेका छन्। उनीका अनुसार जबजले हिंसात्मक क्रान्तिको मार्गभन्दा टाढा रहँदै, चुनावी प्रतिस्पर्धा, राजनीतिक सहकार्य र जनमतको सम्मानमार्फत समाजवादतर्फको संक्रमण सम्भव छ भन्ने दृष्टिकोण स्थापित गरेको छ।यस आधारमा विश्लेषण गर्दा, जबजले लोकतान्त्रिक संक्रमण सिद्धान्तलाई नेपाली सन्दर्भमा वैचारिक मात्र होइन, व्यवहारिक रूपमा पनि आत्मसात् गरेको देखिन्छ। यसले कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिक प्रक्रियासँग समायोजन गर्दै, राजनीतिक बहुलता, संवैधानिकता र जनअधिकारको संरक्षणसँगै समाजवादी रूपान्तरणको दीर्घकालीन लक्ष्यतर्फ अघि बढ्ने मार्ग प्रदान गरेको छ। यस अर्थमा, जबजले नेपालमा समाजवादतर्फको संक्रमणलाई हिंसामुक्त, चरणबद्ध र संस्थागत बनाउने महत्त्वपूर्ण वैचारिक योगदान दिएको ठहर गर्न सकिन्छ।

**व्यावहारिक आधार :**

जबजको मूल केन्द्रविन्दु जनताको सक्रिय सहभागिता, संवैधानिक अधिकारको सम्मान र राजनीतिक प्रक्रियामा पारदर्शिताको सुनिश्चिततामा रहेको देखिन्छ। यस सिद्धान्तले राजनीतिक परिवर्तनलाई केवल नेतृत्वको इच्छामा सीमित नराखी जनताको सचेत सहभागितासँग जोड्छ। यस अर्थमा, जबजले नेता र राजनीतिक दललाई सत्ता केन्द्रित नभई सेवा केन्द्रित बन्न प्रेरित गर्दै अधिनायकवादी सोच, व्यक्तिवादी प्रभुत्व र करिश्मामूलक नेतृत्वको एकाधिकारलाई अस्वीकार गर्छ। यसले लोकतान्त्रिक संस्कृतिको विकास र राजनीतिक जवाफदेहितालाई सुदृढ बनाउने आधार तयार गर्दछ। यसै सन्दर्भमा, भण्डारी (२०४९) ले जबजलाई जनआधारित र संविधानसम्मत राजनीतिक दर्शनका रूपमा व्याख्या गरेका छन् भने हाछेथु (सन् २००६) ले यसलाई नेपाली लोकतान्त्रिक अभ्यासमा दलहरूलाई उत्तरदायी बनाउने उत्प्रेरक सिद्धान्तका रूपमा विश्लेषण गरेका छन्। उनीहरूका अनुसार जबजले नेतृत्वलाई जनताको सेवकका रूपमा परिभाषित

गर्दै, सत्ताको केन्द्रीकरण र अधिनायकवादी प्रवृत्तिलाई स्पष्ट रूपमा अस्वीकार गर्दछ भण्डारी (२०४९)। त्यसैगरी, लावती (सन् २००५) र दाहाल (सन् २०२३) ले जबजको व्यवहारिक आधार संविधानको सर्वोच्चता, शक्ति पृथकीकरण, कानूनको शासन र मानव अधिकारको संरक्षणमा रहेको उल्लेख गरेका छन्। उनीहरूका अनुसार यिनै आधारहरूले शासन प्रणालीलाई उत्तरदायी, समावेशी र सामाजिक न्यायमा आधारित बनाउने भूमिका खेल्दछन् लावती (सन् २००५)। यस आधारमा हेर्दा, जबजले वैचारिक मात्र नभई व्यवहारिक लोकतान्त्रिक संरचनासँग गहिरो रूपमा सम्बन्भ राखेको देखिन्छ। यसले राजनीतिक दल र नेतृत्वलाई संविधानको दायराभित्र रही जनताको अपेक्षा र अधिकारप्रति उत्तरदायी बन्न प्रेरित गर्छ। परिणामस्वरूप, जबजले शासनलाई शक्तिको प्रदर्शनभन्दा सेवाको माध्यम बनाउँदै सामाजिक न्याय, समावेशिता र लोकतान्त्रिक स्थायित्वतर्फ उन्मुख गराउने सम्भावना प्रस्तुत गर्दछ। यस अर्थमा, जबजको उत्प्रेरण सिद्धान्त नेपाली लोकतान्त्रिक अभ्यासलाई सुदृढ बनाउने एक महत्त्वपूर्ण वैचारिक योगदानका रूपमा मूल्याङ्कन गर्न सकिन्छ।

**सैद्धान्तिक प्रतिपादन र नेपाली सन्दर्भ :**

नेपालको सन्दर्भमा जनताको बहुदलीय जनवादको सैद्धान्तिक मूल्य मुख्यत: दुई महत्त्वपूर्ण आयाममा प्रकट भएको देखिन्छ। पहिलो, यसले वास्तविक लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्न योगदान पुर्याएको छ, जसअन्तर्गत बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचनको अभ्यास, बहुमतको आधारमा सरकार गठन तथा वैधानिक विपक्षको भूमिकालाई स्वीकार गरिएको छ। यसले राजनीतिक प्रक्रियालाई खुला, प्रतिस्पर्धात्मक र उत्तरदायी बनाउँदै लोकतान्त्रिक संस्कृतिको विकासमा सहयोग पुर्याएको छ। दोस्रो, जबजले समाजवादलाई तत्कालीन लक्ष्यभन्दा दीर्घकालीन दिशाका रूपमा ग्रहण गर्दै सामन्ती र शोषणमूलक संरचनाहरूलाई क्रमश: विस्थापन गर्ने अवधारणा अघि सारेको छ। यस प्रक्रियामा उत्पादनमुखी अर्थतन्त्रको विकास, सामाजिक समानता र न्यायको स्थापना यसको केन्द्रीय उद्देश्यका रूपमा देखिन्छ।यसै सन्दर्भमा, भुसाल (सन् २०२३) ले जबजलाई नेपाली कम्युनिष्ट आन्दोलनमा लोकतान्त्रिक अभ्यास र समाजवादी लक्ष्यबीच सेतु निर्माण गर्ने वैचारिक आधारका रूपमा व्याख्या गरेका छन्। त्यसैगरी, थापा (सन् २०१९) ले जबजको सान्दर्भिकतालाई राष्ट्रिय सन्दर्भअनुकूल राजनीतिक रणनीतिका रूपमा मूल्याङ्कन गर्दै, यसले कम्युनिष्ट आन्दोलनलाई बहुदलीय लोकतान्त्रिक ढाँचाभित्र स्थायित्व प्रदान गरेको तर्क प्रस्तुत गरेका छन्। उनीहरूका अनुसार जबजले अन्तर्राष्ट्रिय कम्युनिष्ट सिद्धान्तलाई यान्त्रिक रूपमा अनुकरण गर्ने प्रवृत्तिलाई परित्याग गर्दै, नेपालको सामाजिक-राजनीतिक यथार्थसँग मेल खाने वैचारिक दिशानिर्देश प्रदान गरेको छ भुसाल(सन् २०२३ र थापा (सन् २०१९)। यस आधारमा विश्लेषण गर्दा, जबज केवल एक राजनीतिक रणनीति वा तात्कालिक कार्यक्रम मात्र नभई नेपालका लागि स्थानीय, व्यवहारिक र सैद्धान्तिक रूपमा गहिरो महत्त्व बोकेको अवधारणा हो। यसले कम्युनिष्ट आन्दोलनभित्र लोकतान्त्रिक वैचारिकताको विकास गर्दै राष्ट्रिय सन्दर्भ, बहुल सामाजिक संरचना र संवैधानिक प्रक्रियासँग सुसंगत समाजवादी रूपान्तरणको मार्ग

सुनिश्चित गरेको देखिन्छ। त्यसैले, जबजलाई नेपालमा लोकतन्त्र र समाजवादबीच सन्तुलन कायम गर्ने एक महत्त्वपूर्ण वैचारिक उपलब्धिका रूपमा बुझ्न सकिन्छ।

**संविधान र शक्ति संरचना :**

विश्लेषणले देखाउँछ कि नेपालमा संविधानको सर्वोच्चता र शक्ति पृथकीकरणका सिद्धान्तहरूले राजनीतिक स्थायित्व र सरकारी उत्तरदायित्व सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। यसले कार्यपालिका, न्यायपालिका र विधायिकाबीचको सन्तुलन कायम राखेर अधिनायकत्व र सत्ताको केन्द्रित प्रयोगको जोखिमलाई कम गर्न सहयोग पुर्याएको देखिन्छ घिमिरे र फुयाल (सन् २०२२) । उदाहरणका रूपमा, विभिन्न राजनीतिक निर्णय, नीति निर्माण र कानूनी विवादहरूमा यस सन्तुलनले दलगत वा व्यक्तिगत प्रभुत्वको दुरुपयोग रोक्न महत्त्वपूर्ण योगदान पुर्याएको छ। तथापि, विश्लेषणले संकेत गर्दछ कि कहिलेकाहीँ राजनीतिक हस्तक्षेप, दलगत विवाद र संवैधानिक प्रक्रियामा ढिलाइले शक्ति पृथकीकरणको उद्देश्यलाई चुनौती दिन सक्छ, जसले शासनको उत्तरदायित्व र स्थायित्वमा अस्थिरता उत्पन्न गर्ने सम्भावना राख्दछ। यसले स्पष्ट पार्दछ कि नेपालमा संविधानको सर्वोच्चता र शक्ति पृथकीकरणका सिद्धान्तहरू स्थायी राजनीतिक स्थायित्वका लागि अनिवार्य भए पनि तिनको व्यवहारिक कार्यान्वयन निरन्तर निरीक्षण र सुधारको आवश्यकता राख्दछ।

**बहुदलीय प्रतिस्पर्धा र लोकतान्त्रिक अभ्यास :**

नेपालमा बहुदलीय प्रणाली र आवधिक निर्वाचनले नागरिकलाई जनसत्ता र जवाफदेहितामा सक्रिय रूपमा सहभागी हुन अवसर प्रदान गरेको छ। यसले केवल मतदाता र निर्वाचन प्रक्रियामा सीमित नभई राजनीतिक दल, नेतृत्व र सरकारी निकायलाई पनि जनताको अपेक्षा र जिम्मेवारीप्रति उत्तरदायी बनाएको छ। विश्लेषण अनुसार, बहुमतको सरकार र वैधानिक विपक्षको सहकार्यले निर्णय प्रक्रियामा पारदर्शिता, नीति निर्माणमा समावेशिता र लोकतान्त्रिक अभ्यासको स्थायित्व सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ भुसाल (सन् २०२३)। बहुदलीय प्रतिस्पर्धाले लोकतन्त्रको संरचनालाई सुदृढ बनाएको छ, यसको व्यवहारिक अभ्यासमा केही चुनौतीहरू देखा परेको छन् । उदाहरणका रूपमा, चुनावी प्रतिस्पर्धामा ठूलो मात्रामा पैसाको प्रभाव, प्रचार-प्रसारमा असमानता र सामाजिक असमानताले सबै नागरिकलाई समान अवसर उपलब्ध हुन नदिन सक्छ। यसले केवल निर्वाचन परिणाममाथि नभई राजनीतिक सहभागिता, जनसत्ता र लोकतान्त्रिक जवाफदेहितामा पनि प्रतिकूल प्रभाव पार्ने सम्भावना राख्दछ।

यसले स्पष्ट गर्दछ कि बहुदलीय प्रणाली र आवधिक निर्वाचनले नेपालको लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाएको भए पनि, लोकतन्त्रलाई पूर्ण र दिगो बनाउन सामाजिक, आर्थिक र राजनीतिक असमानतासँग सम्बद्ध चुनौतीहरूलाई निरन्तर सुधार र नीति-सुधार मार्फत सम्बोधन गर्नु आवश्यक छ। यस अर्थमा, बहुदलीय प्रतिस्पर्धा मात्र पर्याप्त नभई त्यसको गुणस्तरीय कार्यान्वयन र समावेशी अभ्यास लोकतन्त्रको दीर्घकालीन स्थायित्वको लागि अनिवार्य रहेको निष्कर्षमा पुगिन्छ।

**मानव अधिकार र सामाजिक न्याय :**

नेपालमा मानव अधिकारको संरक्षण, उत्पादनमुखी अर्थनीति र क्षतिपूर्ति नीतिहरूले समाजमा समान अवसर र श्रमको सम्मान प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् केसी (२०७९)। यी उपायहरूले केवल कानूनी र संस्थागत सुरक्षा प्रदान गरेको छैन, बरु नागरिकको सामाजिक र आर्थिक अधिकारको सुनिश्चिततासँगै न्याय र समावेशितामा पहुँच बढाएको छ।जनताको बहुदलीय जनवादले अधिकारसँग जिम्मेवारी जोड्ने दृष्टिकोण प्रस्तुत गरेको छ, जसले केवल अधिकार प्राप्तिको दाबीमा सीमित नरही, त्यसको प्रयोगमा सामाजिक उत्तरदायित्व र अनुशासनलाई प्राथमिकता दिएको छ। यसले अराजकता, दण्डहीनता वा व्यक्तिगत वा समूहगत शक्तिको दुरुपयोगलाई न्यून गर्न सहयोग पुर्याएको छ। साथै, उत्पादनमुखी अर्थनीति र क्षतिपूर्ति नीतिहरूले केवल आर्थिक समानता सिर्जना गर्न सीमित नरही, सामाजिक न्याय र दीगो विकासका लागि आधार निर्माण गरेको देखिन्छ।यस आधारमा, जबजले मानव अधिकार र सामाजिक न्यायलाई राजनीतिक र सामाजिक संरचनासँग जोड्दै अधिकारको प्रयोगमा जिम्मेवारी सुनिश्चित गर्ने महत्त्वपूर्ण मार्गदर्शन प्रस्तुत गरेको ठहर गर्न सकिन्छ। यसले नेपालमा न्यायपूर्ण, समावेशी र दिगो लोकतान्त्रिक अभ्यासलाई सुदृढ पार्ने र समाजको समग्र विकासमा योगदान पुर्याउने क्षमता प्रदान गरेको देखिन्छ ।

**नेतृत्व र अधिनायकत्व :**

नेतृत्वको पुन:परिभाषाले नेपालमा जनमुखी नेतृत्व र पार्टीभित्र आन्तरिक लोकतन्त्र दुवैलाई सुदृढ बनाएको छ। भण्डारी (२०४९) र हाछेथु (सन् २००६) भन्छन् कि नेतृत्व चयनमा प्रतिस्पर्धा, योग्यता र जनमतको प्राथमिकता सुनिश्चित गर्नु नेतृत्वको पारदर्शिता र उत्तरदायित्व बढाउने महत्त्वपूर्ण उपाय हो । यो दृष्टिकोणलाई नेपाली राजनीतिक अभ्याससँग तुलना गर्दा यसले अधिनायकवादी प्रवृत्तिलाई घटाउँदै, पार्टी भित्र निर्णय प्रक्रियामा बहुलता र लोकतान्त्रिक सहभागिता सुनिश्चित गरेको छ ।

त्यसैले म ठान्छु कि जबजले केवल वैचारिक सिद्धान्तको रूपमा नभई व्यवहारिक रूपमा पनि नेतृत्वलाई जनमुखी, प्रतिस्पर्धात्मक र सामाजिक उत्तरदायित्वसँग जोड्ने संरचनात्मक आधार तयार गरेको छ। यसले नेपालमा नेतृत्व र पार्टीभित्रको लोकतान्त्रिक अभ्यासलाई सुदृढ पार्ने महत्त्वपूर्ण योगदान पुर्याएको स्पष्ट हुन्छ ।

**अन्तर्राष्ट्रिय सम्बन्ध र आर्थिक नीति :**

नेपालको विकास र स्वाधीनता सुनिश्चित गर्न विदेशसँगको सम्बन्ध र आर्थिक नीतिमा राष्ट्रिय प्राथमिकता राख्नु अनिवार्य छ। लावती (सन् २००५) र घिमिरे र फुयाल (सन् २०२२) भन्छन् कि विदेशी पूँजी र प्रविधिको उपयोग गर्दा राष्ट्रिय हितलाई प्राथमिकता दिनु र पञ्चशीलमा आधारित स्वतन्त्र विदेश नीति अपनाउनु नेपालको दीगो विकास र स्वाधीनतालाई सुनिश्चित गर्ने प्रमुख उपाय हो। यो दृष्टिकोणको

अध्ययन गर्दा जबजले आर्थिक र कूटनीतिक निर्णयमा राष्ट्रिय स्वायत्तता र दीगो विकासबीच सन्तुलन कायम गर्न योगदान पुर्याएको छ ।

त्यसैले निष्कर्षमा जबजको अन्तर्राष्ट्रिय सम्बन्ध र आर्थिक नीति सम्बन्धी दृष्टिकोणले नेपाललाई केवल विकासका अवसरहरू उपलब्ध गराएको मात्र होइन, आफ्नो राष्ट्रिय स्वाधीनता, नीति-निर्णयमा स्वतन्त्रता र दीगो रणनीतिका लागि बलियो आधार पनि प्रदान गरेको छ। यसले नेपालको राजनीतिक र आर्थिक स्थायित्वमा महत्त्वपूर्ण भूमिका खेल्ने क्षमता राख्दछ ।

**प्राप्ति**

यस अध्ययनमा जनताको बहुदलीय जनवादले नेपालको बहुदलीय लोकतन्त्रमा सैद्धान्तिक गहिराइ र व्यवहारिक सान्दर्भिकता दिँदै आधुनिक राजनीतिक अभ्यासमा महत्त्वपूर्ण योगदान पुर्याएको छ। जबजले केवल वैचारिक दिशानिर्देशको रूपमा सीमित नरही, वास्तविक राजनीतिक अभ्यासमा संविधानको सर्वोच्चता, शक्ति पृथकीकरण र कानूनको शासनजस्ता आधारभूत लोकतान्त्रिक सिद्धान्तलाई कार्यान्वयन गर्ने महत्त्वपूर्ण मार्गदर्शन प्रदान गरेको छ । लावती (सन् २००५) र घिमिरे र फुयाल (सन् २०२२), भन्छन् यी संरचनात्मक तत्त्वहरूले अधिनायकत्व र स्वेच्छाचारी प्रवृत्तिलाई सीमित गर्दै, सरकारको जवाफदेहिता र राजनीतिक स्थायित्व सुनिश्चित गर्न मद्दत पुर्याउँछन् । यो दृष्टिकोणलाई नेपालका संवैधानिक र प्रशासनिक अभ्याससँग तुलना गर्दा जबजले व्यवहारमा सत्ता सन्तुलन र संस्थागत जवाफदेहितालाई मजबुत बनाएको छ ।

त्यसैगरी बहुदलीय प्रतिस्पर्धा र आवधिक निर्वाचनले नागरिकको जनसहभागिता र लोकतान्त्रिक जवाफदेहितामा निर्णायक योगदान पुर्याएको छ। भुसाल (सन् २०२३) भन्छन् बहुमतको सरकारले नीति निर्माणमा स्थायित्व र निर्णय क्षमता सुनिश्चित गर्दा अल्पमतले वैधानिक विपक्षाको भूमिका खेल्दा लोकतन्त्रमा सन्तुलन र समावेशिता कायम हुन्छ। यो अध्ययनले निर्वाचन प्रक्रिया र दलगत प्रतिस्पर्धाले नागरिकलाई केवल आफ्नो मत प्रयोग गर्ने अवसर मात्र दिँदैन बरु सरकारलाई जनताको अपेक्षा अनुसार उत्तरदायी हुन बाध्य पार्दछ। यसले शासनको पारदर्शिता र बहुलता सुनिश्चित गर्दै दीगो लोकतान्त्रिक अभ्यासको आधार तयार गरेको छ।मानव अधिकारको संरक्षण, सामाजिक न्यायको प्रवर्द्धन र उत्पादनमुखी अर्थनीतिले समाजमा समान अवसर र न्यायको व्यवहारिक आधार तयार पारेको देखिन्छ। जबजले अधिकारसँग जिम्मेवारीको संयोजनमार्फत नागरिकको जीवनस्तर सुधार्न र सामाजिक असमानता घटाउन योगदान पुर्याएको छ। थापा (सन् २०१९) का अनुसार यसले पुराना शोषणका संरचनाहरू हटाउँदै नयाँ उत्पादन सम्बन्ध विकास गर्ने उद्देश्यलाई मजबुत बनाएको छ। यस्तो दृष्टिकोणले समाजमा न्याय र समावेशिता बढाउने मात्र होइन दीगो आर्थिक र सामाजिक विकासका लागि आधार निर्माण गरेको छ।

नेतृत्वको जनमुखी र पारदर्शी नीति निर्माणले अधिनायकत्वलाई सीमित गर्दै राजनीतिक प्रणालीमा उत्तरदायित्व र प्रतिस्पर्धा सुनिश्चित गरेको देखिन्छ। नेतृत्व चयनमा योग्यता र जनमतको प्राथमिकता सुनिश्चित गर्नुले पार्टीभित्र आन्तरिक लोकतन्त्र सुदृढ पार्दै, व्यक्तिवादी वा समूहगत प्रभुत्वलाई अस्वीकार गरेको छ। भण्डारी (२०४९) र हाछेथु (सन् २००६) का अनुसार यसले नेतृत्वलाई केवल शक्ति केन्द्रको रूपमा होइन, जनता सेवा र जवाफदेहितामुखी बनाउने उत्प्रेरणा दिएको छ। यसले नेपालमा राजनीतिक नेतृत्व र व्यवस्थापनमा पारदर्शिता र प्रतिस्पर्धालाई स्थायित्व प्रदान गरेको छ।

विदेशी पूँजी र प्रविधिको प्रयोगमा राष्ट्रिय हितको प्राथमिकता र पञ्चशीलमा आधारित स्वतन्त्र विदेश नीति नेपालको आर्थिक विकास र राष्ट्रिय स्वाधीनता सुनिश्चित गर्न योगदान पुर्याएको छ। जबजले विकासका अवसरहरू सिर्जना गर्दै बाह्य निर्भरतालाई घटाउने र राष्ट्रिय हित सुनिश्चित गर्ने दीगो रणनीतिक आधार तयार पारेको छ । लावती (सन् २००३) र घिमिरे र फुयाल (सन् २०२२), का अनुसार यसले नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र आर्थिक नीति दुवैमा स्वायत्तता कायम राख्न मद्दत गरेको छ। जबजले नेपालको कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिक, प्रतिस्पर्धात्मक र जनमुखी बनाउने संरचनात्मक आधार प्रस्तुत गरेको छ । यसले हिंसात्मक क्रान्तिबाट टाढा रहेर संवैधानिक र लोकतान्त्रिक प्रक्रियाबाट समाजवादतर्फको क्रमिक संक्रमण सुनिश्चित गरेको छ जसले नेपालको राजनीतिक, सामाजिक र आर्थिक संरचनामा दीर्घकालीन योगदान पुऱ्याएको छ । वन्त (सन् १९९२), भुसाल (सन् २०२३) र थापा (सन् २०१९) भन्छन् : जबजले केवल विचारधारात्मक सिद्धान्तमा सीमित नरही, व्यवहारिक अभ्यासमा पनि लोकतान्त्रिक मूल्य, सामाजिक न्याय र राष्ट्रिय स्वाधीनताको संरक्षण सुनिश्चित गरेको छ ।

**निष्कर्ष**

जनताको बहुदलीय जनवाद (जबज) नेपाली राजनीतिक इतिहासको एउटा ऐतिहासिक मोडको रूपमा देखिन्छ, जसले लोकतान्त्रिक मार्गको माध्यमबाट समाजवाद हासिल गर्ने दीगो र शान्तिपूर्ण रास्ता प्रस्तुत गरेको छ। जबजका १४ विशेषताहरूले संविधानको सर्वोच्चता, शक्ति पृथकीकरण, कानूनको शासन, मानव अधिकार, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, नेतृत्वको जनमुखी पुन:परिभाषा, र आर्थिक तथा विदेश नीतिमा राष्ट्रिय स्वाधीनताको महत्त्वलाई स्पष्ट रूपमा उजागर गरेका छन् यो विश्लेषणले देखाउँछ भने जबजले केवल सैद्धान्तिक दृष्टिकोणमा सीमित नरही, व्यवहारिक रूपमा नेपालको लोकतान्त्रिक अभ्यास, सामाजिक न्याय र जनसहभागितामा समेत महत्त्वपूर्ण योगदान पुर्याएको छ। उदाहरणका लागि, संविधानको सर्वोच्चता र शक्ति पृथकीकरणले तानाशाही प्रवृत्ति र स्वेच्छाचारी शासनलाई रोक्न सहयोग पुर्याएको छ भने बहुदलीय प्रतिस्पर्धा र आवधिक निर्वाचनले नागरिकलाई आफ्नो जनसत्ता प्रयोग गर्ने अवसर र सरकारलाई जवाफदेही बनाउने संरचना प्रदान गरेको छ। मानव अधिकारको संरक्षण र सामाजिक न्याय प्रवर्द्धन गर्ने विशेषताले समाजमा समान अवसरको सृजना गर्न र उत्पादनमुखी अर्थनीति विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। नेतृत्वको पुन:परिभाषा र पारदर्शी नीति निर्माणले अधिनायकत्वलाई सीमित गर्दै राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र र प्रतिस्पर्धात्मक नेतृत्वलाई प्रोत्साहित गरेको देखिन्छ। यसैगरी विदेशी पूँजी र प्रविधिको प्रयोगमा राष्ट्रिय हितको प्राथमिकता राख्नु तथा पञ्चशीलमा आधारित

स्वतन्त्र विदेश नीति अपनाउनु नेपालको आर्थिक विकास र राष्ट्रिय स्वाधीनता सुनिश्चित गर्न निर्णायक साबित भएको छ। समग्रमा, जनताको बहुदलीय जनवादले नेपालको कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिक, प्रतिस्पर्धात्मक र जनमुखी रूप प्रदान गर्दै, हिंसात्मक क्रान्तिबाट टाढा रहेर संवैधानिक र लोकतान्त्रिक प्रक्रियाबाट समाजवादतर्फको शान्तिपूर्ण संक्रमण सुनिश्चित गरेको देखिन्छ। यसैले, जबज केवल एक राजनीतिक सिद्धान्तको रूपमा सीमित नरही, नेपालका लोकतान्त्रिक, सामाजिक र राष्ट्रिय प्रगतिका लागि मार्गदर्शन गर्ने वैचारिक संरचना र व्यवहारिक अभ्यासको रूपमा अत्यन्त मूल्यवान रहेको निष्कर्ष स्पष्ट हुन्छ ।

## सन्दर्भ सूची


केसी, सुरेन्द्र (२०७९), *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास,* विद्यार्थी पुस्तक भण्डार-दोस्रो भाग ।

गौतम, बामदेब र अन्य (२०८१), *जनताको बहुदलीय जनवाद,* मधुवन प्रकाशन ।

घिमिरे, तारानाथ र फुयाल श्यमप्रसाद (२०२२), *नेपालमा राजनीतिक दलको लोकतान्त्रिकरणमा नेपालको संविधान ।* *Patan Prospective Journal*, 2(2), 292-300. https://doi.org/10.3126/ppj.v2i2.53169

तामाङ, परशुराम (२०७८), *नेपाली कम्युनिष्ट आन्दोलनको कार्यदिशा,* जागरण बुक हाउस ।

तिमल्सेना, मनोहरि (२०७८), *समाजवादी क्रान्तिको कार्यदिशा,* मार्क्सवादी ज्ञानकेन्द्र ।

थापा Thapa, D (2019). *Reflections on contemporary Nepal: The politics of change.* Kathmandu: The Asia Foundation. Thapa, D (2019). *Reflections on contemporary Nepal: The politics of change.* Kathmandu: The Asia Foundation. https://shorturl.at/Z98vq

दाहाल Dahal, G. (2023). *Strengthening multiparty democracy in Nepal.* Prithvi Academic Journal, 6, 104-119. https://doi.org/10.3126/paj.v6i1.54664

भण्डारी मदन (२०४९), *जनताको बहुदलीय जनवाद : सैद्धान्तिक दस्तावेज,* नेकपा (एमाले) केन्द्रीय कार्यालय ।

भुसाल, बेदुराम (२०८०), *जनताको बहुदलीय जनवादको ऐतिहास,* शिखा बुक्स ।

भुसाल Bhusal, T. (2023). Nepal’s participatory governance in diverse political systems. *Asian Journal of Political Science*, 31(2) https://doi.org/10.1080/02185377.2023.2285288

रावल Rawal, B. (2007). *The communist movement in Nepal: origin and development.* (No Title).

लावती Lawoti, M. (2005). *Towards a democratic Nepal: Inclusive political institutions for a multicultural society.* New Delhi: Sage Publications. https://shorturl.at/1xTTr

वन्त Onta, P. R. (1992). *Politics in Nepal-1980-1991: Referendum, insurgency & the transition to multiparty democracy. Contributions to Nepalese Studies*, 19(2). https://shorturl.at/0uvfz

हाछेतु Hachhethu, K. (2006). *Political parties of Nepal*.Social Science Baha